# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश

प.सं ०८१/०८२ (शैक्षिक प्रशासन)
च.नं. ६६५६

मितिः २०८१/१०/११
ने.सं. ११४५ पोहेलागा १० शुक्रबार

**विषयः विभागीय स्वीकृति सम्बन्धमा।**

श्री सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरू,
भरतपुर महानगरपालिका, चितवन।

प्रस्तुत विषयमा यस कार्यालयको प.सं. २०८०/२०८१ च.नं. ६२४८ मिति २०८१/०१/०२ को पत्रानुसार संघीय शिक्षा ऐन, २०२८ को दफा १६(च) २ , भरतपुर महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा ३१ (१) र शिक्षा नियमावली, २०५९ को नियम १३३ (१) को (ज) का आधारमा बहालवाला शिक्षकले विभागीय स्वीकृति नलिई अन्यत्र जिम्मेवारी लिने कार्य कानुन विपरीत हुने भनी नगर शिक्षा समितिको मिति २०८०/०५/१२ र २०८०/१०/१६ को निर्णय बमोजिम उक्त प्रावधान विपरीत कार्य नगर्नुहुन भनी निर्देशन गरिएकोमा अझै पनि कतिपय विद्यालयका प्र.अ. तथा शिक्षकहरु विद्यालय बाहेक अन्य निकायमा कार्य गरेको भनी गुनासो प्राप्त भएकोले विभागीय स्वीकृति नलिई अन्यत्र कार्य नगर्नुहुन अनुरोध छ। साथै साविकको जिल्ला शिक्षा कार्यालयबाट विभागीय स्वीकृति प्राप्त गरेको भए सो को प्रतिलिपि यथासिघ्र यस कार्यालयमा पेस गर्नुहुन अनुरोध छ। विभागीय स्वीकृति वेगर अन्यत्र कार्य गरेको पाइएमा नियमानुसार हुने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

सुवासचन्द्र आचार्य
उपसचिव

**बोधार्थः**
श्री शिक्षा विकास तथा समन्वय इकाइ, चितवन।
श्री सूचना तथा सञ्चार प्रविधि शाखाः- वेबसाइटमा अपलोड गरिदिनु हुन।
श्री वडा कार्यालयहरू सवैः- आफ्नो वडाभित्रको विद्यालयको अनुगमन गर्नुहुन।
श्री विद्यालय व्यवस्थापन समिति सवैः- नियमित अनुगमन गर्नुहुन।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्‌बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

CamScanner